## सार्वजनिक सूचना प्रकाशित मितिः २०८३।०३।०५

# नागरिक समाज संस्थाहरूबाट आवेदन आह्वान

स्थानीय शासन तथा मानवअधिकारका लागि नागरिक समाज सुदृढीकरण (SAMA-SAMA) Strengthening Civil Society for Inclusive Governance and Human Rights) परियोजना अन्तर्गत महिला तथा सीमान्तकृत समूहहरूको आवाज, समावेशी सुशासन, मानव अधिकार, वातावरणीय न्याय तथा समावेशी राजनीतिक प्रक्रियालाई सुदृढ गर्ने उद्देश्यले मधेश र लुम्बिनी प्रदेशका १३ वटा नगरपालिका तथा गाउँपालिकामा काम गर्ने योजना रहेको छ । महिला तथा सीमान्तकृत समूहहरूको सशक्तीकरण, समावेशी सुशासन, मानव अधिकार, वातावरणीय न्याय तथा समावेशी राजनीतिक सहभागिता प्रबर्द्धन लगायतका पक्षहरूमा कार्य गर्ने उद्देश्यले धनुषा जिल्लामै दर्ता भई काम गरी रहेको वा लक्ष्मिनिया गाँउपालिकामा सुचिकृत भई सक्रिय रूपमा कार्य गरिरहेका महिला/युवा नेतृत्व भएका नागरिक समाज संस्थाहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन पेश गर्नुहुन बिनम्र अनुरोध गरिन्छ।

**न्यूनतम योग्यता**

- महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, LGBTQI+ तथा अन्य सीमान्तकृत समुदायसँग प्रत्यक्ष रूपमा कार्य गरेको हुनुपर्ने।
- परियोजनाका लक्षित कार्यक्षेत्र (जस्तै; महिला, युवा, सीमान्तकृत समुदयका हक अधिकारका लागी काम गर्ने, जनपैरवी गर्ने, स्थानिय स्तरमा नागरिक सहभागिता प्रबर्धन सामाजिक जवाफ देहिता, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, राजनीतिक क्षेत्र मुद्दा, वातावरणीय अधिकारमा कार्यरत र अनुभव भएको साथै महिला,युवा र अल्पसङ्ख्यकहरू को नेतृत्वमा रहेको संस्थाहरू ।
- जिल्ला प्रशासन कार्यालय वा स्थानीय निकायमा विधिवत दर्ता तथा नवीकरण भएको संस्था हुनुपर्ने। वा कम्तिमा स्थानीय पालिकामा सुचिकृत भएको हुनुपर्ने ।
- महिला नेतृत्व संस्थाको हकमा नेतृत्व/निर्णय प्रक्रियामा कम्तिमा ६०% महिला सहभागिता भएका लाई प्राथमिकता दिइनेछ ।
- युवा नेतृत्व संस्थाको हकमा १८–३५ वर्ष उमेर समूहका युवाको नेतृत्व प्रतिनिधित्व भएका लाई प्राथमिकता दिइनेछ ।
- संस्थाको विगत तीन वर्षको वार्षिक वित्तीय कारोबार प्रत्येक वर्ष रु. २० लाखभन्दा कम भएको हुनुपर्ने । न्युनतम कारोवार जति कम भएको भए पनि त्यसले केहि फरक पार्ने छैन ।

**आवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरू**

- संस्था दर्ता प्रमाणपत्र
- नवीकरण प्रमाणपत्र
- PAN/VAT प्रमाणपत्र (भएमा)
- संस्थाको संक्षिप्त प्रोफाइल
- हालसम्मका प्रमुख गतिविधिहरूको विवरण

**छनोट भएका संस्थाहरूले प्राप्त गर्ने सहयोग तथा अवसरहरू**

- सहभागितामूलक संस्थागत स्व–मूल्यांकन (Participatory Organizational Self–Assessment) प्रक्रियामा सहजीकरण।
- रूपान्तरणकारी नारीवादी नेतृत्व (Transformational Feminist Leadership) दृष्टिकोण अपनाई समावेशी सुशासन सम्बन्धी पैरवी, रणनीति विकास तथा संस्थागत क्षमता अभिवृद्धि तालिम।
- Micro–Grant Support Activity का लागि छनोट भएका संस्थाहरूलाई वित्तीय सहयोग।
- सामाजिक जवाफदेहिताको प्रबर्द्धनका लागि सिकेका ज्ञान तथा सीपहरू व्यवहारमा लागू गर्न आवश्यक प्राविधिक स्रोतसाधन उपलब्ध गराउने उपकरण तथा अन्य प्राविधिक सहयोग।

**सम्पर्क तथा ठेगाना**

अभियान नेपाल
अमित कुमार यादव
सम्पर्क: ९८४४५१०५७६
इमेल: Yadavak@campaignnepal.org